
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १२४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ ४ गते बिहीबार ❑ 18 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## मदन भण्डारीको आदर्शलाई झुक्न दिने छैनौँ– नेता ज्ञवाली

**पोखरापत्र संवाददाता**
पोखरा, ३ जेठ

नेकपा (एमाले)का उपमहासचिव प्रदीप ज्ञवालीले मार्क्सवादका अभियन्ता मदन भण्डारी र जीवराज आश्रितका आदर्शलाई कमजोर हुन नदिने बताउनुभएको छ।

नेकपा (एमाले) कास्कीद्वारा आज पोखरामा आयोजित मदन-आश्रित ३०औँ स्मृति दिवसका अवसरमा नेता ज्ञवालीले भन्नुभयो, "उहाँहरूले कोर्नुभएको बाटोलाई अझ फराकिलो पार्दै जानेछौँ ।" तीस वर्ष बितिसक्दा पनि चितवनको दासढुङ्गाको घाउ अझै निको भइनसकेको उहाँको भनाइ थियो । "राष्ट्रवादी




नेता भण्डारीको सम्झना देशमा राजनीतिक संकट पर्दा आउने गर्छ", नेता ज्ञवालीले भन्नुभयो, "राष्ट्रियताको बलियो आवाज चाहिएकै बेला उदाउनुभएका नेता भण्डारी ४० वर्षकै उमेरमा बित्नुभयो।" सार्वजनिक जीवनमा आएको तीन चार वर्षमै जनतामाझ ख्याति कमाउनुभएका नेता भण्डारीको निधनले एमालेलाई अपुरणीय क्षति मात्र नभई बलियो अभिभावक गुमाउनु परेको छ भन्दै नेता ज्ञवालीले भन्नुभयो, "एकाधिकार पूँजीवादको अन्त्य गरी राष्ट्रिय पूँजीवादको निर्माणमा उहाँको योगदान महत्त्वपूर्ण छ ।" एमाले नेता एवं गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीले राष्ट्रिय स्वाभिमानका लागि लड्नुभएका नेता मदन भण्डारीले देखाएको बाटोबाट पार्टी अगाडि बढ्ने बताउनुभयो । जनताको बहुदलीय जनवादको प्रतिपादक भण्डारीको हत्याका बारेमा अझै पनि सत्यतथ्य आउन नसक्नु विडम्बना भएको अधिकारीले बताउनुभयो । उहाँले पछिल्लो समय सङ्घीयतामाथि नै प्रहार भइरहेका बेला सङ्घीयता जोगाउने दायित्व लोकतन्त्रवादीको छ भन्नुभयो ।

## गाँजालाई कानुनी दायरामा ल्याएर आम्दानीको स्रोतसँग जोड्नुपर्छ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
गोरखा, ३ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गाँजा र घरेलु रक्सीलाई कानुनी दायरामा ल्याएर आम्दानीको स्रोतको रुपमा जोड्न सकिने बताउनुभएको छ । गृहजिल्ला गोरखामा बुधबार पत्रकारसँग कुराकानी गर्दै उहाँले गाँजा खेतीलाई खुला गरेर जनताको आयआर्जन र गण्डकी प्रदेश सरकारको आर्थिक वृद्धिसँग जोड्न सकिने बताउनुभयो ।

मुख्यमन्त्री पाण्डेले गाँजा औषधि हो वा लागुऔषध हो भन्ने विषयमा बहस गरी एउटा निष्कर्षमा पुग्नुपर्ने बेला आएकोसमेत बताउनुभयो । "गाँजा लागुऔषध हो कि औषधि हो यसबारेमा बहस हुनुपर्छ', उहाँले भन्नुभयो, "यदि यो औषधि पनि हो भने नियमनकारी निकाय निर्माण गरेर यसलाई औषधिको रुपमा प्रयोग किन नगर्ने



भन्ने हो ।"

गाउँबाट ठूलो जनशक्ति बाहिर गइरहेको भन्दै मुख्यमन्त्री पाण्डेले जनताको आयआर्जन र प्रदेश सरकारको आम्दानीको स्रोतको रुपमा पनि गाँजा खेती र घरेलु रक्सीलाई उद्योगको रुपमा जोड्न सकिने बताउनुभयो । "यसलाई सङ्घीय कानुनले पनि बन्देज गरेको छ, अब बहस चलाउनु आवश्यक छ", उहाँले भन्नुभयो, "यसलाई औषधिको रुपमा पनि प्रयोग गरिन्छ भने यसको खेतीको बारेमा नयाँ सोचाइबाट अघि बढ्नुपर्छ भन्ने हाम्रो धारणा हो।" गाँजा खेतीलाई उत्पादनसँग जोड्न सकिने मुख्यमन्त्री पाण्डेको भनाइ छ । मुख्यमन्त्री

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मदन भण्डारी र जीवराज आश्रितका सपना पूरा गर्नुपर्छः अध्यक्ष ओली

**रासस**
काठमाडौं, ३ जेठ

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले मदन भण्डारी र जीवराज आश्रितका सपना पूरा गर्नुपर्ने बताउनुभएको छ।

एमालेले मदन भण्डारी र जीवराज आश्रितको ३०औँ स्मृति दिवसको अवसरमा आज मदननगर बल्खुस्थित एमालेको पुरानो पार्टी कार्यालयमा आयोजना गरेको कार्यक्रममा उहाँले दुई नेताले छोडेर जानुभएको अभिभारा पूरा गर्नुपर्ने बताउनुभयो।

"मुलुक बनाउन बोकेका सपना पूरा गर्न नभ्याउँदै उहाहरूको हत्या भयो," अध्यक्ष ओलीले भन्नुभयो, "त्यो सपना आज उहाँहरूका उत्ताराधिकारी तपाई हामीले पूरा गर्नुपर्नेछ ।"उहाँले मदन भण्डारीका सपना पूरा गर्न चुनौती रहेको तर षड्यन्त्रलाई परास्त गरी उहाँको सपनालाई साकार पार्नुपर्ने बताउनुभयो । अध्यक्ष ओलीले पार्टी एकताबद्ध र सङ्गठन सुदृढ भएर अघि बढ्यो भने मात्र उहाँहरूले छोडेर जानुभएको अभिभारा पूरा गर्न सकिने धारणा राख्नुभयो।

अध्यक्ष ओलीले मदन भण्डारीले अघि सारेको जनताको वहुदलीय जनवाद (जबज)का उद्देश्य साकार पार्न नयाँ ढङ्गले सङ्कल्प गर्ने धारणा राख्नुभयो । उहाँले मुलुकको परिस्थिति जटिल रहेकाले अहिलेको राजनीतिलाई हल्काफुल्का नलिन आग्रह गर्नुभयो । एमालेले देश, जनता, परिवर्तन, सुशासनका लागि एकता गर्ने उहाँको भनाइ थियो । मदन नगर बल्खुमा आयोजित कार्यक्रममा अध्यक्ष ओलीलगायतका शीर्ष नेताहरूले नेता भण्डारीको शालिकमा माल्यापर्ण गर्नुभयो।

## आठ जना पर्वतारोही धौलागिरिको चुचुरोमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ जेठ

म्याग्दीमा रहेको संसारकै सातौँ अग्लो धौलागिरि हिमाल आठ जनाले आरोहण गरेका छन् । धौलागिरि गाउँपालिकाको वडा नम्बर ४ मा पर्ने आठ हजार एक सय ६७ मिटर अग्लो सो हिमाल बुधबार उहाँहरुले आरोहण गर्नुभएको हो।

यो हिमालमा सेभेन समिट ट्रेक्सका पाँच जना र पाइएर एडभेन्चरमार्फत तीन जनाले आरोहण गरेका हुन् । पर्यटन विभागबाट यस वर्ष धौलागिरि आरोहणका लागि ११ जना महिलासहित ३५ जनाले अनुमति लिएका थिए । सेभेन समिट ट्रेक्समार्फत नर्वेका भिवेके आन्ड्रेया सेफ्लेन्ट, पाकिस्तानका शेहरोज काशिफ, भारतका जीतेन्द्र रामदा कवारे, नेपालका छेपाल शेर्पा र जाङब्बु शेर्पाले बुधबार बिहान धौलागिरि हिमालको सफल आरोहण गर्नुभएको हो । पायनियर एडभेन्चरले आफ्नो कम्पनीमार्फत सतीश रवीन्द्र गोगिनेनी, पासाङ शेर्पा र दावा दोर्ची शेर्पाले धौलागिरिको चुचुरोमा पुगेका जनाएको छ । धौलागिरिमा यो सिजनको पहिलो आरोहण जेठ १ गते बिहान ७ :०० बजे पोल्याण्डका आरोहीद्वय वार्टेक जिम्सी र ओसवाल्ड रोड्रियोले गरेका आरोहणको व्यवस्थापन गरेको सेभेन समिटका प्रबन्ध निर्देशक थानेश्वर गुरागाईले बताउनुभयो । आरोहणबाट फर्केपछि वार्टेकले चार हजार सात सय मिटर उचाइको वेस क्याम्पमा स्कीसमेत खेल्नुभएको थियो । धौलागिरि प्रथम हिमालको चुचुरो चुम्ने स्पेनी ८४ वर्षीय ज्येष्ठ पर्वतारोही कार्लोस सोरिया फोन्टेनको सपना अधुरै रहने भएको छ । बुधबार बिहान धौलागिरि हिमालको तेस्रो शिविरबाट चुचुरोमा पुग्न उक्लने क्रममा कार्लोस अचानक दुर्घटनामा परी घाइते भएपछि उनको धौलागिरिको चुचुरोमा पाइला राख्ने १४ औँ प्रयास असफल बनेको हो।

दुर्घटनामा परेका कार्लोसलाई शेर्पाहरुको सहयोगमा क्याम्प तीनमा झारिएको छ। कार्लोसको फेसबुक पेज अनुसार बधुबार राति धौलागिरि चुचुरोमा पुग्ने क्रममा दुर्घटनामा परी टिबियामा चोट लागेको र शेर्पाहरुले उद्धार गरी क्याम्प तीनमा झारेको तथा होलिकप्टरबाट उद्धार प्रयास भइरहेको उल्लेख छ।

## गण्डकीमा सबैभन्दा बढी आर्थिक वृद्धिदरको अनुमान

**रासस**
काठमाडौं, ३ जेठ

यसवर्ष गण्डकी प्रदेशमा सबैभन्दा बढी र बागमती प्रदेशमा सबैभन्दा कम आर्थिक वृद्धिदर अनुमान गरिएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले मङ्गलबार सार्वजनिक गरेको आर्थिक वर्ष २०७९/८० को प्रादेशिक लेखाअनुमान प्रतिवेदनअनुसार गण्डकी प्रदेशमा तीन दशमलव तीन प्रतिशतको आर्थिक वृद्धिदर कायम हुने अनुमान गरिएको छ । त्यस्तै, लुम्बिनी प्रदेशमा दुई दशमलव एक, कोशी प्रदेशमा दुई र कर्णाली प्रदेशमा एक दशमलव नौ प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुने अनुमान गरिएको छ । सुदूरपश्चिम प्रदेशमा एक दशमलव आठ, मधेशमा एक दशमलव सात र बागमती प्रदेशमा एक दशमलव चार प्रतिशत आर्थिक वृद्धिदर पुग्ने अनुमान गरिएको छ।

तथ्याङ्क कार्यालयले चालु आर्थिक वर्षमा नेपालको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को आकार आधारभूत मूल्यमा रू ४६ खर्ब ९६ अर्ब ४९ करोड र उपभोक्ता मूल्यमा रू ५३ खर्ब ८१ अर्ब ३४ करोड बराबर पुग्ने अनुमान यसअघि नै सार्वजनिक गरिसकेको छ । जसअनुसार यसवर्ष नेपालको जिडिपी वृद्धिदर उपभोक्ता मूल्यमा एक दशमलव ८५ प्रतिशत र आधारभूत मूल्यमा दुई दशमलव १३ प्रतिशत बराबर रहने अनुमान गरिएको छ।

प्रादेशिक लेखाअनुमान प्रतिवेदनअनुसार जिडिपीमा सबैभन्दा धेरै योगदान बागमती प्रदेशको देखिएको छ। बागमती प्रदेशको कूल जिडिपीमा ३६ दशमलव ८ प्रतिशत योगदान रहेको देखिएको छ । जुन रू १९ खर्ब ८१ अर्ब बराबर हो । जिडिपीमा कोशी प्रदेशको योगदान १५ दशमलव आठ प्रतिशत अर्थात् रू सात खर्ब ८० अर्ब बराबर रहने अनुमान गरिएको छ । त्यस्तै, लुम्बिनी प्रदेशको १४ प्रतिशत अर्थात् रू सात खर्ब ६२ अर्ब, मधेश प्रदेशको १३ प्रतिशत अर्थात् रू सात खर्ब सात अर्ब, गण्डकी प्रदेशको नौ प्रतिशत अर्थात् रू चार खर्ब ८२ अर्ब र सुदूरपश्चिम प्रदेशको सात प्रतिशत अर्थात् रू तीन खर्ब ७६ अर्ब बराबर रहने अनुमान गरिएको छ। जिडिपीमा सबैभन्दा न्यून योगदान कर्णाली प्रदेशको देखिएको छ । कूल जिडिपीमा कर्णाली प्रदेशले चार दशमलव एक प्रतिशत अर्थात् रू दुई खर्ब २१ अर्ब बराबर योगदान गरेको छ । नेपालको प्रतिव्यक्ति आय अमेरिकी डलर एक हजार तीन सय ९९ अर्थात रू एक लाख ८२ हजार छ सय ८३ बराबर पुगेको छ। आर्थिक वर्ष २०७९/८० को वार्षिक राष्ट्रिय लेखा तथ्याङ्कसम्बन्धी विवरणअनुसार प्रतिव्यक्ति कूल गार्हस्थ उत्पादन अमेरिकी डलर एक हजार तीन सय ९९ र प्रतिव्यक्ति कूल राष्ट्रिय उत्पादन अमेरिकी डलर एक हजार चार सय १० बराबर छ।

प्रादेशिक लेखाअनुमान प्रतिवेदनअनुसार प्रतिव्यक्ति आयमा बागमती प्रदेश सबैभन्दा अघि देखिएको छ भने सबैभन्दा कम मधेश प्रदेशको देखिएको छ। बागमतीमा प्रतिव्यक्ति आय अमेरिकी डलर दुई हजार ९७ बराबर छ । त्यस्तै, गण्डकीमा प्रतिव्यक्ति आयअमेरिकी डलर एक हजार चार सय ९२, कोशीको अमेरिकी डलर एक हजार दुई सय ९९, लुम्बिनीको अमेरिकी डलर एक हजार एक सय २६, सुदूरपश्चिमको अमेरिकी डलर एक हजार ६३ र कर्णालीको अमेरिकी डलर नौ सय ९७ रहेको छ । मधेश प्रदेशको प्रतिव्यक्ति आय अन्य प्रदेशको तुलनामा सबैभन्दा कम अमेरिकी डलर आठ सय ७५ डलर बराबर छ। जिडिपी अनुपातमा नेपालको कुल स्थिर पुँजी निर्माण (ग्रस फिक्स्ड क्यापिटल फर्मेसन) २५ दशमलव २१ प्रतिशत अर्थात् रू १३ खर्ब ५६ अर्ब ४६ करोड बराबर पुग्ने प्रक्षेपण गरिएको छ।

त्यस्तै, अन्तिम उपभोग खर्च (फाइनल कन्जम्सन एक्सेन्डिचर) जीडीपी अनुपातको ९३ दशमलव ५९ प्रतिशत बराबर रहने अनुमान गरिएको छ। जुन रू ५० खर्ब ३६ अर्ब १५ करोड बराबर हो। जिडिपी अनुपातमा नेपालको वस्तु तथा सेवा निर्यातको हिस्सा सात दशमलव १५ प्रतिशत बराबर छ । यसवर्ष रू तीन खर्ब ८५ अर्ब ११ करोड बराबरको वस्तु तथा सेवा निर्यात गरिने अनुमान गरिएको छ। जिडिपी अनुपातमा वस्तु तथा सेवाको आयात भने ३६ दशमलव पाँच प्रतिशत बराबर छ। नेपालले यसवर्ष रू १९ खर्ब ६४ अर्ब ३३ करोड बराबर आयात गर्ने ठानिएको छ। त्यसैगरी, चालु मूल्यमा राष्ट्रिय बचत (ग्रस नेसनल सेभिङ) कुल गार्हस्थ्य उत्पादनको ३१ दशमलव ६६ प्रतिशत बराबर छ।

त्यस्तै जीडीपीमा विप्रेषणको अनुपात २२ दशमलव ८९ प्रतिशत बराबर हुने अनुमान गरिएको छ । चालु आर्थिक वर्षको जिडिपीमा सबैभन्दा बढी हिस्सा कृषि क्षेत्रको रहने अनुमान गरिएको छ। गत आर्थिक वर्षमा कृषि क्षेत्रले जिडिपीमा २४ दशमलव ६७ प्रतिशत बराबर हिस्सा ओगटेकोमा यसवर्ष त्यो घटेर २४ दशमलव १२ प्रतिशत बराबर हुने प्रक्षेपण गरिएको छ। तथ्याङ्क कार्यालयले चालु आर्थिक वर्षको पछिल्लो नौ महिना अवधिको तथ्याङ्क विश्लेषण गरेर वार्षिक अनुमान सार्वजनिक गरेको हो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. –५२०६५१

# पोखरा महानगरभित्रका पेट्रोल पम्प अनुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, ३ जेठ

बजाज मोटरसाइकलको खरिदमा कास्कीको हेमजाका बद्री पौडेलले एक किलो चाँदी उपहार प्राप्त गरेका छन् ।

नयाँ वर्षको योजना अन्तर्गत १५० सिसीको पल्सर बाइक खरिदमा उनले लक्की ड्रका आधारमा उपहार जितेका हुन् । बुधबार पोखरामा आयोजित एक कार्यक्रमबीच बजाजको आधिकारिक बिक्रेता इन्छाशक्ति अटोमोबाइल्सका अध्यक्ष इच्छामान बुद्धाचार्यले उपहार हस्तान्तरण गरेका छन् । उक्त अवसरमा बोल्दै उपहार बिजेता पौडेलले बजाज खरिदमा एक किलो चाँदी उपहार पाउँदा



खुसी लागेको बताए । नयाँ वर्षको अवसरमा बजाजले २५ जना ग्राहकलाई एक/एक किलो चाँदी उपहार प्रदान गर्ने गरी उपहार योजना सार्वजनिक गरेको थियो । २५ प्रतिशत डाउनपेमेन्टमा बजाजको कुनैपनि बाइक खरिद गर्न सकिने र १० हजार रुपैयाँ स्योरसट क्यास डिस्काउन्ट उपलब्ध इच्छाशक्ति अटोमोबाइलका एचआर म्यानेजर भगवान बिजुक्छेले जानकारी दिए । यसैगरी बजाजको १२५ सिसिको बाइक खरिद गर्दा १९२ लिटरको फ्रिज सित्तैमा साथै ५० प्रतिशत भुक्तानी गरेमा ६.९९ प्रतिशतको ब्याजदर सुविधा पनि रहेका जानकारी गराए ।

# गाँजालाई...

पाण्डेले स्थानीयस्तरमा उत्पादन हुने घरेलु रक्सी र गाँजालाई कानुनी दायरमा ल्याउनुपर्ने समेत बताउनुभयो । "लोकल रक्सीलाई रिफाइन गरेर ब्राण्डिङ गर्न सकियो भने गाउँघरमा समेत रक्सीको सानातिना उद्योग पनि सञ्चालन हुन्छ", उहाँले भन्नुभयो, "यसबाट स्वरोजगार सिर्जना हुन्छ र आर्थिक स्थितिमा सुधार पनि गर्न सकिन्छ ।" मुख्यमन्त्री पाण्डेले गाँजा र घरेलु रक्सीलाई कानुनी दायरामा ल्याउने सन्र्दभमा केन्द्र सरकारसँग पनि छलफल गर्ने योजना रहेको बताउनुभयो । उहाँले गाँजालाई वैधानिकता दिन गण्डकी प्रदेश सरकारले मात्र कानुन बनाएर नहुने भन्दै सङ्घ सरकारले कानुन बनाउनका लागि पहल गरोस् भन्ने प्रदेश सरकारको चाहना रहेको बताउनुभयो ।

# प्रभा पौडेल सुवेदीको आमा २ पुस्तक विमोचन

**ललित अधिकारी/ तुलसी धमला**
पोखरा, ३ जेठ



गण्डकी प्रदेश सभा सदस्य प्रकाश बरालले जिउँदो इतिहासका रुपमा रहेका आमा बुवाहरु राष्ट्रका अमुल्य सम्पत्तिको रुपमा रहेको बताउँनु भएको छ ।

बुधबार सामाजिक व्यक्तित्व प्रभा पौडेल सुवेदीद्धारा प्रकाशित पुस्तक आमा २ विमोचन गर्दे उहाँले आफनो जीवनकालभरि परिवार, समाज र राष्ट्रका लागि महत्वपुर्ण योगदान दिएका आमाको ज्ञान सीप र अनुभवलाई राष्ट्र निर्माणमा उपयोग गर्नुपर्नेमा जोड दिनुभयो । पछिल्लो समय जेष्ठ नागरिकलाई बृद्धाश्रम पठाउने क्रम बढ्दै गएको प्रति दुख ब्यक्त गर्दे साँसद बरालले आमा बुवालाई आफनो परिवारसंग रमाउने वातावरण सृजना गर्नु असल सन्तानको पहिलो कर्तब्य रहेकोमा जोड दिर्दै सुवेदीको यो कार्यको खुलेर प्रसंशा गर्नुभयो । त्यसैगरी, नेपाली काँग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले नैतिक शिक्षाको अभाबका कारणले समाज बिकृत हुदै गएको बताउनुभयो । संसारको बहुमुल्य ज्ञान आमाबाटै प्राप्त हुने भन्दै उहाँले आमाको महिमा अपरम्पार रहेको बताउनुभयो । उहाँले करुणा र प्रेमकी खानी आमालाई घर परिवारले मात्र नभै राष्ट्रले समेत सम्मान गर्नुपर्नेमा जोड दिनु । पुस्तकका लेखक दुर्गा अधिकारीले संसारमा आमाको महत्व शब्दमा ब्यक्त गर्न नसकिने भन्दै बिभिन्न धर्म ग्रन्थले समेत आमाको महिमालाई बर्णन गरेको बताउनु भयो । उहाँले सामान्य लेखपढ गर्न सक्ने व्यक्तिले पनि सजिलै बुझ्न सकुन भन्ने उदेश्यले पुस्तकलाई सरल भाषा र शब्दमा लेखिएको जानकारी दिनुभयो । पुस्तकमा आमाको आफ्नो अनुभुतिहरुका साथै विगतको समाज, मुल्य, मान्यता, संस्कार, परिबेश र स्थान अबस्थाको बारेमा जानकारी दिइएको छ ।

कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सरिता तिम्सीना पगेनीले सन्तानको सबैभन्दा नजिकको साथी आमा हुने भन्दै आमासंग सन्तानले हरेक सुखदुख बाड्न सक्ने बताउनुभयो । जेष्ठ नागरिकलाई हुने दुरव्यवहार कम गर्न जेष्ठ नागरिकका लागि बनेका ऐन कानुनको समाजमा सचेतना जगाउनुपर्नेमा उहाँले जोड दिनुभयो । पुस्तकका प्रकाशक समाजसेवी प्रभा पौडेल सुबेदीले आमाको ८१ औ जन्मोत्सवमा आमाले प्रदान गरेका ज्ञान, शिक्षा, वंश, शाखा सन्तानमा जानकारी दिने उदेश्यले पुस्तक प्रकाशनमा ल्याएको जानकारी दिनुभयो । जीवनका हरेक सुखदुखमा आमाको साथ माया र हौसलाकै कारणले आफु यहाँसम्म आइपुगेको बताउनुभयो । उहाँले आमाको सम्मान र श्रद्धामा यो पुस्तक आमा २ प्रकाशन गर्नुभएको हो । यस अघि पनि उहाँले आमा पुस्तक प्रकाशन गर्नुभएको थियो । ब्रम्हकुमारी इश्वरीय बिश्वबिद्‌याल पार्दी शाखाकी प्रमुख ब्रम्हकुमारी राजयोगीनी अप्सराले मानिस भौतिक सुख प्राप्तिका लागि दौडदुपका कारणले समाजमा अशान्ती बढेको उल्लेख गर्दे शान्तीका लागि आत्मिक ज्ञानको महत्वपुर्ण भुमिका रहने बताउनुभयो । कार्यक्रममा प्रकाशककी आमा इन्दिरा शर्माले कबिता बाचन गर्नुभएको थियो । प्रकाशकका पिता नेत्रविलास शर्माको अध्यक्षतामा भएको थियो ।

# 'खेल्छ गण्डकी' कार्यक्रम महिला भलिबल खेलाडी उत्पादनमा

**पोखरापत्र संवाददाता**
पोखरा, ३ जेठ

गण्डकी प्रदेश खेलकुद परिषद गण्डकीले अघि सारेको खेल्छ गण्डकी कार्यक्रम गण्डकी प्रदेशको महिला भलिबल खेलको विकासमा अघि बढ्ने भएको छ ।

परिषदको बुधबार बसेको बैठकले उक्त कार्यक्रम मार्फत प्रदेशको भलिबल खेल विकासका लागि अघि बढाउने निधो गरेको हो । परिषदका सदस्य सचिव श्रीधर शर्माको अध्यक्षतामा बसेको बैठकमा कार्यपत्र प्रस्तुत गर्दै परिषदका सदस्य तथा सो कार्यक्रमका संयोजक खगेन्द्र क्षेत्रीले प्रदेशको महिला भलिबल खेलाडी उत्पादन कमजोर बन्दै गएको बताउँदै सो रकम खेलाडी उत्पादनमा खर्च गरिने बताए ।

नेपालको राष्ट्रिय खेल समेत रहेको भलिबलमा पछिल्लो समय प्रदेशको टिम कमजोर बन्दै गएकोमा सबैका लागि




चिन्ताको विषय रहेको उल्लेख गर्दै उनले खेल्छ गण्डकी मार्फत पहिलो फेजमा महिला भलिबल खेलाडी उत्पादनमा खर्च गर्नुपर्ने बताए । आ.व २०७९/०८० का लागि विनियोजित रकमको ३० लाख रुपैयाँमार्फत उक्त कार्यक्रम सञ्चालन गरिने परिषदले निर्णय गरेको छ । कार्यक्रम मार्फत हालै एसइई दिएर बसेका विद्यार्थीहरुलाई ट्यालेन्ट हन्टको माध्यमबाट ११ वटै जिल्लाबाट ४० जना महिला भलिबल खेलाडीलाई पोखरामा १० दिने आवाशिय सुविधा सहितको प्रशिक्षण दिइने छ । कार्यक्रम अन्तर्गत ४० जनाबाट १२ जना छनौट गरी उनीहरुलाई पोखरामा नै राखेर छात्रवृतीमा ११ र १२ कक्षा अध्ययन गर्ने सुविधाका लागि समेत परिषदले समन्वय गर्ने भएको छ । सो को लागि उच्च मावी शिक्षा परिषद गण्डकी, निजि विद्यालयहरु, निजि क्षेत्रको सहभागिता, भलिबल संघ, शिक्षा मन्त्रालय संग समन्वय गरेर अघि बढ्ने परिषदले जनाएको छ ।

खेल्छ गण्डकी कार्यक्रम प्रदेशकै खेलकुद विकासका लागि महत्वपूर्ण कार्यक्रम रहेको बताउँदै सदस्य सचिव शर्माले पहिलो चरणमा महिला भलिबल खेलाडी उत्पादनका लागि खर्च गरिने भए पनि क्रमैसंग आगामी दिनमा सबै खेलहरुका लागि सुरुवात गरिने बताए । उनले भने- "यो कार्यक्रम प्रदेशको खेलकुद विकासका लागि एक महत्वपूर्ण र सकारात्मक कार्यक्रम हो । हाम्रो पहिलो ध्यान खेलाडी उत्पादनमा नै हो । महिला भलिबलबाट सुरुवात भए संगै अन्य खेलहरुलाई क्रमैसंग यस प्रकारका परियोजना अघि बढाउने छौं साथै १० औं राष्ट्रिय खेलकुदमा सर्वाधिक पदक जित्ने लक्ष्यका साथ अघि बढ्छौं ।" साथै बैठकले आ.व. २०८०/०८१ को बजेटका विषयमा समेत प्रारम्भिक छलफल गर्नुका साथै आ.व २०७९/०८० को बाँकी कार्यक्रमहरु समेत चाँडै सम्पादन गर्ने निर्णय गरेको छ ।

# उद्यमशीलता तालिम प्रदान गर्दै पोखरा महानगरपालिका

**पोखरापत्र संवाददाता**
पोखरा, ३ जेठ

पोखरा महानगरपालिकाले सीप तथा व्यावसायिक उद्यमशीलता तालिम प्रदान गर्ने भएको छ । महानगरपालिकाको आर्थिक विकास महाशाखाअन्तर्गतको व्यवसाय प्रवर्द्धन केन्द्र (बिपिसी) को आयोजनामा तालिम हुन लागेको हो । विभिन्न १० विधामा दुई सय ४० जनालाई सीप तथा व्यावसायिक उद्यमशीलता तालिम प्रदान गर्न लागिएको हो ।

तालिमका लागि छनोट भएका दुई सय ४० जनाका लागि सोमबार अभिमुखीकरण कार्यक्रम गरिएको थियो । दश विधामध्ये पञ्जेबाजा बजाउने र बारिस्ताको तालिम सुरु भइसकेको व्यवसाय प्रवर्द्धन केन्द्रका प्रमुख कार्यकारी अधिकृत नवराज अधिकारीले जानकारी दिनुभयो । दश विधाअन्तर्गत पञ्चेबाजा बजाउने, सिलाइकटाइ, ब्युटी पार्लर, मन्टेश्वरी, सुनचाँदीका गहना निर्माण, भाषा तालिम, एसी जडान, कुक, बारिस्ता, प्लम्बिङलगायत छन् । विभिन्न सङ्घसंस्थासँगको समन्वय तथा महानगरपालिकाको लगानीमा तालिम सञ्चालन हुने कार्यकारी अधिकृत अधिकारीले बताउनुभयो । तालिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) र कतिपय गण्डकी बहुप्राविधिक शिक्षालयको समेत पाठ्यक्रममा आधारित हुनेछ । तालिम एक सय ६० देखि तीन सय ९० घन्टासम्मका हुने कार्यकारी अधिकृत अधिकारीले जानकारी दिनुभयो । महानगरपालिकाका प्रमुख धनराज आचार्यले महानगरभित्र रोजगार सृजना गर्दै उद्यमशीलता विकास गर्ने उद्देश्यले तालिम आयोजना गरिएको बताउनुभयो । "महानगरपालिकाभित्र स्वरोजगार सृजना गर्ने अनि तालिमका विभिन्न अवसर सृजना गर्ने हाम्रो उद्देश्य हो", प्रमुख आचार्यले भन्नुभयो, "तालिमपश्चात् आवश्यक प्राविधिक सहयोग गर्ने साथै आवश्यक परेको खण्डमा 'स्टार्ट अप'मा बीउ पूँजीका लागि हामीले सहयोग गर्छौं ।" सानो लगानीबाट पनि व्यावसायिक सफलताको लामो यात्रा पूरा गर्न सकिने उल्लेख गर्दै प्रमुख आचार्यले आफूले आर्जन गरेको ज्ञानको व्यावहारिक उपयोगमा जोड दिनुभयो ।

जागिरे मानसिकताले व्यक्तिको जीवनमा सार्थक परिवर्तन ल्याउन नसक्ने जनाउँदै स्वरोजगारसहितको उद्यमी बन्ने सपना देख्नु आवश्यक रहेको उहाँले बताउनुभयो ।

# कांग्रेस नेता बरालको निधन

**प्रेम बहादुर आले**
पोखरा, ३ जेठ

नेपाली कांग्रेसका गण्डकी प्रदेश सदस्य एवम् स्वास्थ्य विभाग प्रमुख नारायण बरालको निधन भएको छ ।

पार्टीको महाधिवेशन प्रतिनिधि एवम् नेपाल स्वास्थ्यकर्मी सङ्घ गण्डकी प्रदेशका अध्यक्षसमेत रहनुभएका उहाँको उपचारका क्रममा काठमाडौँको ह्याम्स अस्पतलामा मङ्गलबार निधन भएपछि आज पोखराको रामघाटस्थित सेती नदी किनारमा अन्त्येष्टि गरिएको हो । बरालको पार्थिव शरीरमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य गुरु बराल, नेपाली कांग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्मा, महामन्त्री विषणुप्रसाद लामिछाने, नेपाली कांग्रेसका जिल्ला सभापति किशोरदत्त बराललगायतले सामूहिकरूपमा पार्टीको झन्डा ओढाएर अन्तिम श्रद्धाञ्जली गर्नुभएको थियो । बुबा दशरथ र आमा सेतुमायाबाट २०३१ साल पुसमा जन्मनुभएका उहाँका दुई श्रीमती नमीता र तुलसी, छोरा सन्देश, छोरीहरू ज्योति र स्मृति हुनुहन्छ । बरालको निधनमा दुःख व्यक्त गर्दै नेपाली कांग्रेस गण्डकी प्रदेश समितिले शोक विज्ञप्ति जारी गरेको छ । महामन्त्री विष्णुप्रसाद लामिछानेद्वारा जारी विज्ञप्तिमा पार्टीका कर्मठ, जुझारु एवम् सामाजिक व्यक्तित्व बरालको निधनले अपूरणीय क्षति पुगेको उल्लेख गर्दै दिवङ्गत आत्माको चिरशान्तिको कामना एवम् शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरिएको छ ।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति जेठ २ गते मंगलबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स : कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला : मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर : मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक : मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु : अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।



## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फ्रेड डे

## सम्पादकीय

# स्वचालित प्रणाली लागू गर्नुपर्ने

नेपाल आयल निगमले मंगलबार रातिदेखि लागू हुनेगरी डिजेल र मट्टीतेलको मूल्य लिटरमा १० रुपैयाँ घटाउने निर्णय गरेको छ। भारतीय आयल कर्पोरेसन (आइओसी) ले पठाएको नयाँ मूल्यअनुसार सरकारले डिजेल, मट्टीतेलको मूल्य घटाउने निर्णय गरेको छ । मूल्य घटेर आएपछि घटाउनु पर्नेमा पेट्रोलको नघटाउनु सरकारको स्वचालित प्रणालीको विपरीत हो । सबैको मूल्य घट्ने आस आम नागरिकलाई थियो । सोमबार बेलुकी प्राप्त आइओसीको मूल्यअनुसार डिजेल ८ रुपैयाँ र पेट्रोलमा ९ रुपैयाँले मूल्य घटेर आएको थियो ।

तर, मंगलबार बेलुकीको निगम सञ्चालक समिति बैठकले डिजेल र मटीतेलको मूल्य मात्रै लिटरमा १०-१० रुपैयाँले घटाउने निर्णय गऱ्यो । लिटरमै १० रुपैयाँले घटेको डिजेलको मूल्यले महँगीलाई केही राहत त दिन्छ । तर, आर्थिक मन्दी र महँगीका कारण सर्वसाधारण आक्रान्त भइरहेका बेला सरकारले राहत दिन सक्ने हदसम्म मूल्य भने समायोजन गरेन । युक्रेन-रसिया युद्धलाई देखाएर पछिल्लो डेढ वर्षमा झण्डै दुई गुणाले इन्धनको मूल्य बढ्दा अर्थतन्त्र दबाबमा छ भने नागरिक भने महँगीले पिल्सिरहेका छन् । यस्तो संकटमा सरकार भने डिजेल, पेट्रोल, मटीतेल र हवाई इन्धनबाट मासिक साढे ३ अर्ब कमाइ गरिरहेको छ । जनतालाई रुवाएर सकारले नाफा कमाउनु कुनै बहादुरी काम होइन ।

नेपाल आयल निगमले हरेक १५ दिनमा मूल्य समायोजन गर्दा र त्यसपछि निगमको मूल्य विवरण आफ्नो वेवसाइटमा लामो समयदेखि राख्दै आएको थियो । इन्धनको स्रोतको खरिद मूल्य, ढुवानी खर्च र सबै लागत जोडेर उपभोक्ता मूल्यसहित १५ दिनको अनुमानित नाफा नोक्सानको विवरण निगमले सार्वजनिक गर्दै आएको छ। तर, मंगलबार फरक ढंगबाट निगमको मूल्य समायोजन विवरण सार्वजनिक भयो । जसमा निगम सञ्चालक समितिको निर्णय, अहिलेको बजार मूल्य, समायोजन पछिको बिक्री मूल्य र निगम अझै ऋणको दायित्वमा रहेको मात्रै उल्लेख थियो । निगमका प्रवक्ता मनोज ठाकुर आफू जिम्मेवारीमा आउनु पूर्व नै यसरी सूचना जारी गरिने गरेको दाबी गर्छन् । निगमको वेवसाइटमा सन् २०२३ को जनवरी महिनापछि यस प्रकारको विवरण सार्वजनिक भएको छैन । पेट्रोल, डिजेल र हवाइ इन्धनमा अझै कुस्त नाफा निगमका प्रवक्ता मनोज ठाकुरकाअनुसार अहिले बजारमा १७५ रुपैयाँ लिटरमा पेट्रोल बिक्री भइरहेको छ ।

जबकी निगमले भारतीय आयल कर्पोरेसनबाट सबै खर्च जोडेर १६० रुपैयाँ लिटरमा पेट्रोल खरिद गरिरहेको छ। लिटरमा १५ रुपैयाँ नाफा हुँदा पनि निगमले मंगलबार पेट्रोलको मूल्य घटाएन । यस्तै मंगलबारको समायोजन पछि पनि निगमलाई डिजेलमा प्रतिलिटर १७ रुपैयाँ नाफा छ। हाल सबै खर्च कटाएर १४८ रुपैयाँमा भारतसंग खरिद गरेको डिजेल निगमले उपभोक्तालाई मंगलबारको समायोजन पछि १६५ रुपैयाँमा बिक्री गरिरहेको छ। सोमबार आइओसीबाट प्राप्त नयाँ मूल्यपछि लिटरमा २७ रुपैयाँ नाफामा रहेको डिजेलमा निगमले १७ रुपैयाँ नाफा सुरक्षित गरेर १० रुपैयाँ मात्रै मूल्य घटाउने निर्णय गऱ्यो । निगमलाई मट्टीतेलमा मंगलबारको समायोजन पछि पनि अझै ३७ रुपैयाँ प्रतिलिटर नाफा छ। यस्तै, हवाई इन्धन आन्तरिकतर्फ प्रतिलिटर ३८ रुपैयाँ नाफामा रहेको निगम बाह्य हवाई इन्धनमा प्रतिलिटर ७६ रुपैयाँ नाफामा छ। यस्तै, खाना पकाउने ग्यासको घाटा प्रतिसिलिण्डर झण्डै साढे ३ सय रुपैयाँले घटेर २१८ मा आइपुग्दा निगम १५ दिनमा समग्रमा एक अर्ब ७६ करोड रुपैयाँ नाफामा छ। अर्को १५ दिनमा अन्तर्राष्ट्रिय मूल्यमा कुनै ठूलो वृद्धि नभएका निगम एक महिनामा साढे ३ अर्ब नाफाको अनुकुल अवस्थामा पुग्नेछ।

गत वर्षको नोक्सानी भएको, भारतीय आयल निगमलाई ऋण चुक्ता गर्न बाँकी रहेको र सरकारले खोजिदिएको ऋण तिर्न बाँकी रहेको दाबी गर्छन् । 'हामी अझै ४२ अर्ब नोक्सानी र दायित्वको भारीले थिचिएका छौं,' प्रवक्ता ठाकुरले भने, 'आइओसीको ऋण ४ अर्ब, सरकारी ऋण ६ अर्ब ३० करोड, मूल्य स्थिरिकरण कोषसहितका अन्य २५ अर्बको कोष खर्च भएको छ।' मूल्य स्थिरिकरण कोषको २१ अर्ब, कर्मचारी आवास कोषाको ३ अर्ब २३ करोड, बिक्रेता धरौटी १ अर्ब ९५ करोड रुपैयाँको दायित्व रहेको छ । सरकारको ऋणमा ७ प्रतिशत र भारतीय आयल निगमको दायित्वलाई ७.१ प्रतिशतका दरले ब्याज तिर्नु पर्ने छ । आम उपभोक्ता समस्यामा परिरहेका बेलासेवा प्रदायक सरकारी निकाय नाफाखोरमा लागेको छ। 'यो अत्यन्तै निन्दनीय छ। अन्तर्राष्ट्रिय मूल्यमा यति धेरै मूल्य घट्दा पनि नघटाई स्वचालित मूल्य प्रभावित पार्ने काम सरकारी डकैती हो। दबाब आवश्यक छ। इन्धनको मूल्य घट्दा बजारमा उपभोक्ताले पाउने राहतबारे सरकारले अन्देखा गरेको छ। इन्धनकै मूल्यका कारण कारण बजारमा माग ठप्प भएको कुरा स्वयम वाणिजय मन्त्रालयले नबुझेको कारण अप्ठेरो हो । 'मन्दीले बजार ठप्प भएको बेलामा मूल्य घटाए मूल्यवृद्धि नियन्त्रण हुन्थ्यो । तर, बजारमा आर्थिक गतिविधि बढाउन पनि सरकारले मूल्य घटाउनु पर्नेमा सरकारले गलत गऱ्यो । उपभोक्ता संरक्षण ऐन कार्यान्वयन गर्ने अधिकार भएको, आपूर्ति व्यवस्था सहज पार्ने जिम्मेवारी भएका वाणिज्य सचिव र निगमका अध्यक्ष एकै हुन तर उनले जनभावना बुझेनन् ।

## तपाईंको आज

| | | | | | |
|---|---|---|---|---|---|
| मेष | : | ब्यापारमा लाभ | तुला | : | सत्कार मिल्नेछ |
| वृष | : | शत्रुको भय | वृश्चिक | : | सम्मान मिल्नेछ |
| मिथुन | : | झमेला बढ्ने | धनु | : | अप्रत्यसित लाभ |
| ककर्ट | : | कार्यमा सफलता | मकर | : | आर्थिक समस्या |
| सिंह | : | मन चञ्चल | कुम्भ | : | मानसिक तनाब |
| कन्या | : | सहयोग मिल्नेछ | मीन | : | शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# दमेकमा तामाखानीको अध्ययन गरिँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, ३ जेठ

बागलुङको जैमिनी नगरपालिका-३ दमेकको कालापातलमा तामा उत्खननका लागि प्रारम्भिक अध्ययन सुरु गरिएको छ । खानी विभागको अनुमतिमा मोहङ मिनीरल्स र शुभम् ग्रुपले तामा उत्खननका लागि प्रारम्भिक अध्ययन थालेका हुन् ।

यहाँ यसअघि तामाको उत्खनन हुने गरेका तथ्यका आधारमा प्रारम्भिक अध्ययन सुरु गरिएको वडाध्यक्ष कृष्ण भुजेलले बताउनुभयो। तामाको सम्भाव्यताबारे खानी विभाग र अनुमतिप्राप्त कम्पनीलाई जानकारी गराइएको थियो । खानीको अध्ययन गरिरहेका दुवै कम्पनीका इञ्जीनियरको समूहले काम थालेको हो । "यो प्रारम्भिक अध्ययन हो, यहाँ तामा रहे/नरहेको विषयमा खोजी गर्छौं", शुभम् ग्रुपका निर्देशक अशोक विकले भन्नुभयो, "प्रारम्भिक अध्ययनको प्रतिवेदनपछि अन्य प्रक्रिया थाल्छौं ।" प्रारम्भिक अध्ययनका लागि झण्डै छ महिना लाग्ने उहाँले बताउनुभयो। बागलुङकै तित्याङमा तीन वर्षअघि प्रारम्भिक अध्ययन थालेको शुभम् ग्रुपले कोरोना महामारीमा चीनबाट आएको प्राविधिक टोली फर्किएपछि अध्ययन रोकेको थियो। तित्याङमा अध्ययन सकिएकाले दोस्रो चरणको खानी अध्ययन र वातावरणीय परीक्षणको काम सुरु हुने विकले बताउनुभयो। ग्रुपले म्याग्दीको ओखरबोटमा पनि तामाखानीको अध्ययन गरिरहेको छ।

# सडक पूर्वाधारको विकासले नजिकिँदै गाउँ

**पोखरापत्र संवाददाता**
बागलुङ, ३ जेठ

दुई वर्षपहिले बागलुङ-कुश्मिशेरा सडकको १० किलोमिटर खण्ड कालोपत्र भएपछि बलेवा क्षेत्रका कैयौँ गाउँमा सडक यात्रा सहज भएको छ । एक्काइस किलोमिटर बागलुङ-कुश्मिशेरा सडकको एक किलोमिटर खण्ड मात्रै कालोपत्र हुन बाँकी छ।

सो सडकको एक्लेसालमा तीन वर्षपहिले खसेको पहिराले बेलाबेलामा दुःख दिने गरेको छ। अन्य ठाउँमा सडक सुविधाजनक छ । यही सडकलाई आधार बनाएर बागलुङको बेला क्षेत्रमा खोलिएका पहुँच मार्गमा समेत कालोपत्र र ढलान हुने क्रम चलिरहेको छ।

कुश्मिशेरादेखि बरेङ गाउँपालिकाको मुकाम हुग्दिशिर जोड्ने सडक दुई खण्डमा कालोपत्रको काम चलिरहेको छ। पहिलो खण्डक कुश्मिशेरा-देवलधारा १० किलोमिटरमा निर्माण व्यवसायीका कारण काम समयमा सकिएन।

**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०२/०१

यस कार्यालयबाट मिति २०७१/०५/३१ मा कास्की जिल्ला पोखरा ०९ मा संचालन गर्ने गरि पोखरा ०४ कास्की निवासी सन्जय कुमार श्रेष्ठको नाउँमा दर्ता भएको प्रा. फ. र. नं. ८७८०/०७१/०७२ को मल्ल सुप्रिमा द फेसन वर्ल्ड नामक प्राईभेट फर्मको प्रोप्राईटरको मिति २०७९/११/१४ मा मृत्यु भएको हुँदा निजको श्रीमती श्री पुण्य वती मल्लले आफ्नो नाममा नामसारी गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार छाङ ०५ तनहुँ निवासी पूण्य वती मल्लको नाममा नामसारी भई जाने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २३ बाम्दी ओखलढुङ्गा घडेरी सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः बाम्दी ओखलढुङ्गा घडेरी सडक निर्माण**
**स्थानः पोखरा–२३ कास्की**
**योजना सुरु हुने मिति : २०७९/१०/१९ गते**
**योजना सम्पन्न हुने मितिः २०७९/१२/२९ गते**
**योजना सम्पन्न भएको मितिः २०८०/०२/०२**
**योजनाको कुल लागत : रु. ११,२३,५९५.५१।–**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१०,००,०००।–**
**जन सहभागितावाट : रु.१,२३,५९५.५१**
**उपभोक्ता समिति अध्यक्षः शिवलाल पराजुली**
**जम्मा उपभोक्ता समिति सदस्यः ११ जना महिला सदस्यः ४**

**बाम्दी ओखलढुङ्गा घडेरी ग्रामीण सडक निर्माण**
**उपभोक्ता समिति पोखरा-२३, कास्की**

# पोल्याण्डका दुई आरोहीद्वारा धवलागिरि हिमाल आरोहण

**पोखरापत्र संवाददाता**
म्याग्दी ३ जेठ

पोल्याण्डका दुई आरोहीले मङ्गलबार धवलागिरि हिमाल आरोहण गरेका छन् । यस याममा आठ हजार एक सय ६७ मिटर अग्लो धवलागिरि हिमाल आरोहण गर्ने दुवैजना पहिलो हुन्।

सेभेन समिट ट्रेक्समार्फत बार्टेक जिम्स्की र ओसवाल्ड रोड्रिगो पपेराको टोलीले धवलागिरिको सफल आरोहण गरेको सेभेन समिट ट्रेक्सका प्रबन्ध निर्देशक थानेश्वर गुरागाईँले जानकारी दिनुभयो । उनीहरूले मङ्गलबार बिहान ७:३० बजेको समयमा धवलागिरि आरोहण गरेका हुन् । दुवैजनाले शेर्पाको सहयोगबिना हिमाल आरोहण गरेको कम्पनीले जनाएको छ । आरोहण गरेर फर्किएपछि बार्केटले चार हजार सात सय मिटरको उचाइमा स्किसमेत गर्नुभएको थियो । दुवैजना एमएडी स्कि परियोजनाअन्तर्गत धवलागिरि हिमाल आरोहण गर्न गएका थिए । गत चैत अन्तिम साता आधार शिविर पुगेका अन्य आरोही पनि धवलागिरिको चुचुरो नजिकै पुगेका बताइएको छ । धवलागिरिको पहिलो, दोस्रो र तेस्रो आधार शिविरसम्म शेर्पाहरूले आरोहीका लागि बाटो बनाइसकेका छन् । स्पेनका ८३ वर्षीय कालोर्स सोरियाको टोली क्याम्प-३ मा पुगेको छ । पर्यटन विभागका अनुसार वसन्त ऋतुको यस याममा २४ पुरुष र ११ महिलाले धवलागिरि हिमाल आरोहणको अनुमति लिएका छन् । सेभेन समिट कम्पनीबाट २६ जनाले धवलागिरि हिमाल चढ्न लागेका छन् । सेभेन समिट, इलाइट र पाइनर एडभेन्चरले धवलागिरिमा आरोही लगेका हुन्। चैतको अन्तिम साता धवलागिरि गएका आरोही प्रतिकूल मौसमका कारण करिब एक महिनासम्म आधार शिविरमा रोकिएका थिए। वैशाख अन्तिम हप्तादेखि मौसममा सुधार आएपछि आरोही चुचुरोतर्फ लागेका थिए । पर्यटकको उद्धार र व्यवस्थापकीय कार्यमा संलग्न म्याग्दीको दानाका पर्यटनकर्मी इन्द्रसिंह शेरचनले वैशाखमा धेरै हिउँ परेकाले आरोहणमा ढिलाइ भएको बताउनुभयो ।

सन् १९६० मे १३ मा पहिलोपटक अस्ट्रियाका कुर्ट डिम्बर्गरलगायत स्वीस धवलागिरि आरोहण टोलीका पिटर डियनर, एन्स्ट फोरर, एल्बिन सेल्वर्ट, निमा दोर्जे र नवाङ दोर्जेले पहिलोपटक धवलागिरि हिमालको आरोहण गरेका थिए । पदमार्गको यात्रा लामो, जोखिमपूर्ण र सञ्चार पहुँचभन्दा टाढा हुँदा विदेशी र नेपाली आरोही काठमाडौँबाट सडकमार्ग हुँदै ताकम र त्यहाँबाट हेलिकोप्टरमार्फत आधार शिविर पुग्ने गरेका छन् । आधार शिविरसम्म पुग्नका लागि गाउँपालिका, प्रदेश र सङ्घीय सरकारले पदमार्ग निर्माण गर्दै आएका छन् । अक्कर पहाड, जङ्गल, खोलानाला हुँदै पदयात्रा गर्नुपर्ने भएकाले धवलागिरि पदमार्गको यात्रा चुनौतिपूर्ण मानिन्छ। यस याममा पनि आरोही, पथपर्दशक, भरिया र आरोहण दलका सहयोगी आधार शिविर पुगेका छन् । धवलागिरि हिमाल धवलागिरि गाउँपालिका-४ मा पर्छ।

# कृषकलाई अनुदानमा उपकरण

**पोखरापत्र संवाददाता**
बागलुङ ३ जेठ

बागलुङको ढोरपाटन नगरपालिका कृषकलाई आधुनिक प्रविधिसँग जोड्न कृषि औजार वितरण गरेको छ।

नगरपालिकाले चालु आर्थिक वर्षमा विनियोजन गरेको रकमबाट कृषकलाई ५० प्रतिशत अनुदानमा कृषि औजार उपलब्ध गराएको हो। कृषकलाई घाँस तथा पराल र छवाली काट्ने इलेक्ट्रिक चापाकटर, मिनीटेलर हलो र प्लास्टिक टनेल उपलब्ध गराएको नगरपालिकाका कृषि शाखा प्रमुख महेन्द्र अधिकारीले जानकारी दिनुभयो।

व्यक्तिगत कृषि दर्ता गरेका कृषक, सहकारी र कृषि समूहलाई यसपटक कृषि औजार उपलब्ध गराइएको अधिकारीको भनाइ छ। सत्रवटा चापाकटर, १८ वटा मिनिटेलर हलो, एक सय ४४ वटा प्लास्टिक टनेल वितरण गरेको उहाँले बताउनुभयो । सबै औजार ५० प्रतिशत अनुदानमा उपलब्ध गराइएको अधिकारीले बताउनुहुन्छ । कृषक र समूहले माग गरेअनुसार कृषि औजार नगरपालिकाले खरिद गरेर वितरण गरेको अधिकारीको भनाइ छ । उहाँले भन्नुभयो, "नगरपालिकाले कृषकलाई आवश्यक औजार माग गर्नका लागि सूचना आह्वान गरेका थियौँ, सोहीअनुसार रु तीन लााख ५० हजारको चापाकटर, साढे चार लाखको मिनीटेलर र साढे चार लाखकै प्लास्टिक टनेल वितरण भएको छ, कृषि सामग्री पाएपछि कृषक हर्षित हुनुभएको छ, यसले उहाँहरूलाई उत्पादन बढाउन मद्दत पुग्ने छ भने थप सक्रिय भएर कृषिकर्ममा लाग्न प्रेरणा मिल्ने छ ।" कृषि औजार प्राप्त गर्नुभएका रुद्रावती कृषि सहकारी संस्थाका अध्यक्ष रेशमराज रेग्मीले नगरपालिकाले दिएको औजारले ग्रामीण क्षेत्रमा घाँस काट्न किसानलाई ठूलो मद्दत पुग्ने बताउनुभयो । उहाँले आधुनिक प्रविधिको विकाससँगै कृषिमा पनि आधुनिकीकरण हुन जरुरी रहेको भन्दै नगरपालिकाले कृषकलाई प्रविधिसँग जोड्न थालेको बताउनुभयो। ढोरपाटन नगरपालिकाकाउपप्रमुखधनबहादुर कायत (कल्याण)ले कृषिमा आधुनिकीकरण गर्न कृषकलाई आधुनिक औजार वितरण गरेको बताउनुभयो । कृषि उपकरणले कृषकको समय बचत हुनुका साथै उत्पादन बढाउन टेवा पुऱ्याउने अपेक्षा लिएको उपप्रमुख कायतको भनाइ छ। परम्परागतरूपमा पशुपालन र खेतीपाती गर्दा परनिर्भरनै हुनुपरेको भन्दै अब हरेक कृषकलाई प्रविधिसँग जोड्ने उहाँले बताउनुभयो।

उपप्रमुख कायतले भन्नुभयो, "हाम्रो नगरपालिकाभित्र धेरै खेतीयोग्य जमिन छन्, अहिलेसम्म कृषकले पुरानै शैलीमा कृषि गर्दा धेरै उत्पादन हुनसकेको छैन, वर्ष दिन काम गरेर छ महिना खान नपुग्ने अवस्था छ, यो अवस्था नयाँ प्रविधि नअपनाउँदा आएको हो, अब कृषकलाई आधुनिक प्रविधिसँग जोड्ने र सामान्य ज्ञान दिने, उन्नत जातका बीउबिजन वितरण गरेर कृषिबाट आत्मनिर्भर बनाउने प्रयास हामीले गरिरहेका छौँ ।"

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१, छर्छरे ठकुरी गाउँ धुँवारकोट भिरस्वारा सडक निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्वन्धि सवैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम :** छर्छरे ठकुरी गाउँ धुँवारकोट भिरस्वारा सडक निर्माण
**उपभोक्ता समितिको नामः** छर्छरे ठकुरी गाउँ धुँवारकोट भिरस्वारा सडक निर्माण उपभोक्ता समिति, पोखरा-२१
**योजना सम्झौता मिति :** २०७९/१२/०२
**योजना सुरु मिति :** २०७९/१२/०३
**योजना सम्पन्न भएको मिति :** २०८०/०२/०२
**महानगरपालिका बाट प्राप्त :** २०,००,०००/-
**जनसहभागिता :** २,२९,१९६/४३
**योजनाको कुल लागत :** २२,२९,१९६/४३

ढक बहादुर ठकुरी
अध्यक्ष
**छर्छरे ठकुरी गाउँ धुँवारकोट भिरस्वारा सडक निर्माण उपभोक्ता समिति**
पोखरा-२१, कास्की

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ फुर्सेखोला कमेरेमा नाली मर्मत गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्वन्धि सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम :** फुर्सेखोला कमेरे नाली मर्मत योजना
**उपभोक्ता समितिको नामः** फुर्सेखोला कमेरे नाली मर्मत उपभोक्ता समिति, पोखरा-२१
**योजना सम्झौता मिति :** २०७९/१२/१३
**योजना सुरु मिति :** २०७९/१२/१४
**योजना सम्पन्न भएको मिति :** २०८०/०१/२९
**महानगरपालिका बाट प्राप्त :** ५,३६,३१०/९१
**जनसहभागिता :** ५,९५९०/१०
**योजनाको कुल लागत :** ५,९५,९०१/०१

क्षेत्र बहादुर थापा
अध्यक्ष
**फुर्सेखोला कमेरे नाली मर्मत उपभोक्ता समिति**
पोखरा-२१, कास्की

# मह प्रशोधन केन्द्रको निर्माण अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
लमजुङ ३ जेठ

यहाँ मह प्रशोधन केन्द्रको निर्माणकार्यअन्तिमचरणमापुगेको छ। सुन्दरबजार नगरपालिका–५ गहतेमा निर्माणधीन मह प्रशोधन केन्द्रको निर्माण अन्तिम चरणमा पुगेको हो । केन्द्रको निर्माण कार्यको ९० प्रतिशत काम सम्पन्न भएको मौरीजोन सञ्चालक समन्वय समितिले जनाएको छ।

यस समितिका अनुसार जिल्लाभरिका व्यवसायीले उत्पादन गरेका मह प्रशोधन गर्न सो केन्द्र स्थापना गर्न लागिएको हो। मह प्रशोधनका लागि एक तले आर्सिसी भवनमा ठूलाठूला दुई कोठा निर्माण गरिएको समितिका संयोजक केशबहादुर गुरुङले बताउनुभयो। हाल 'फिनिसिङ'को काम र झ्यालढोका राख्ने काम भइरहेको छ। साथै रङरोगन कार्य गर्न बाँकी छ। गुरुङका अनुसार विसं २०७९ वैशाखमा सम्झौता भई निर्माण सुरु गरिएको थियो। एक तले आर्सिसी भवन निर्माण गरिएको उहाँले बताउनुभयो । प्रधानमन्त्री कृषि आधुनिकिरण परियोजना नेपालको आर्थिक वर्ष २०७८/७९ को रु १५ लाख र २०७९/८० को रु १४ लाख गरी २८ लाखमा भवन निर्माण भइरहेको बताइएको छ। समितिका संयोजक गुरुङका अनुसार मह प्रशोधनका लागि ग्रामीण सामुदायिक विकास केन्द्र (आर्सिडिसी)ले रु चार लाख बराबरको मह प्रशोधन मेसिनसमेत सहयोग गरेको छ। निर्माण कार्य अन्तिम चरणमा पुगेको यस भवनको यही जेठ १५ गतेभित्रमा सम्पन्न गर्ने गरी कामलाई तीव्र बनाइएको छ । परियोजनाका कृषि अधिकृत हरिबहादुर मिजारका अनुसार जिल्लामा बर्सेनि करिब ५० टन बढी मह उत्पादन हुँदै आएको छ। उहाँले भन्नुभयो, "जिल्ला तथा जिल्ला बाहिर महको माग उच्च रहेकाले जिल्लाका किसान मौरीपालन तर्फ आर्कषित हुन थालेका छन्, जिल्लामा प्रति किलो रु एक हजार एक सयमा मह बिक्री हुँदै आएको छ।"

जिल्लाका किसानले उत्पादन गरेको महलाई घरमा प्रशोधन गर्दा त्यति शुद्ध नहुने भएको तथा धेरै समय लाग्ने भएकाले छिटोछरितो रूपमा मह प्रशोधनका लागि उक्त केन्द्र स्थापना गर्ने तयारी भएको बताइएको छ। यस केन्द्रमा एक पटकमा एक सय लिटर मह प्रशोधन हुने बताइएको छ।

# कृषकलाई धानको बीउ वितरण

**पोखरापत्र संवाददाता**
तनहुँ ३ जेठ

तनहुँको व्यास नगरपालिकाले कृषकलाई उन्नत जातको धानको बीउ अनुदानमा वितरण गरेको छ। प्रति किलो रु ५५ मा खरिद गरी कृषकलाई बीउ वितरण गरेका हो।

रामधान सत्र, सावित्री चौध र सुक्खाधान तीन क्विन्टलसहित कुल ३४ क्विन्टल धानको बीउ वितरण गरिएको व्यास कृषि शाखाका कृषि अधिकृत प्रतिमा बगालेले जानकारी दिनुभयो । सङ्घीय सरकारको खाद्य बाली उन्नत बीउ प्रयोग मूल्य अनुदान कार्यक्रमअन्तर्गत कृषकलाई बीउ वितरण गरिएको हो।

व्यास नगरपालिका मातहतका १४ मध्ये १२ वडाका कृषकले माग गरेअनुरुप धानको बीउ नवलपुर, चितवन, स्याङ्जालगायत जिल्लाबाट सङ्कलन गरी वितरण गरेको हो। व्यास–२ र ३ बजार क्षेत्रका कृषकले भने धानको बीउ माग नगरेको उहाँले बताउनुभयो । व्यासका अन्य वडाका कृषकले धानको बीउ माग गरे पनि विशेषगरी १, ५, ६, ७ र ९ वडा धानखेतीका लागि पकेट क्षेत्रका रूपमा परिचित छन्। उन्नत बीउका लागि भनेर मगाइएको धानको बीउ सम्बन्धित वडाको तोकिएका स्रोत केन्द्रबाट कृषकलाई वितरण गर्ने व्यवस्था मिलाइएको अधिकृत बगालेले जानकारी दिनुभयो। कृषकलाई व्यावसायिक खेतीमा उत्साहित गराउन र आत्मनिर्भर बनाउने उद्देश्यले बीउमा अनुदान कार्यक्रमलाई व्यास नगरपालिकाले प्राथामिकता दिँदै आएको छ । प्रशस्त पानीको सुविधा भएका स्थानमा सावित्री, रामधान र आकाशे पानीको भरमा रोपिने सुक्खा ठाउँमा सुक्खा धान लगाउन राम्रो हुने बताइएको छ। बीउमा अनुदान दिन थालेपछि कृषक व्यावसायिक खेतीतर्फ उत्साहित भएर लागेका नगरप्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो । नगरपालिकाले केही समयअघि रामपुर, कम्पोजिट, मनकामना–३, अरुण–२ लगायत जातको सात मेट्रिक टन उन्नत मकैको बीउ समेत ५० प्रतिशत अनुदानमा वितरण गरेको थियो।

# साफ च्याम्पियनसिपमा नेपाल कठिन समूहमा

**रासस**
काठमाडौं, ३ जेठ

भारतमा आयोजना हुने 'पुरुष साफ च्याम्पियनसिप फुटबल प्रतियोगिता'मा नेपाल समूह 'ए' मा परेको छ।

दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) ले बुधबार सार्वजनिक गरेको १४औँ संस्करणको साफ च्याम्पियनसिपको समूह विभाजनमा नेपाल सो समूहमा परेको हो । आगामी जुन २१ देखि जुलाई ४ तारिखसम्म आयोजना हुने उक्त प्रतियोगितामा विभिन्न आठ राष्ट्र सहभागी छन् । नेपालको समूहमा साविक विजेता भारत, कुवेत र पाकिस्तान रहेका छन्। यसैगरी समूह 'बी' मा माल्दिभ्स, लेबनान, भुटान र बङ्गलादेश रहेका छन् । फिफाको प्रतिबन्धको कारण यस संस्करणमा श्रीलङ्का सहभागी छैन।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. ९ पार्वतीटोलमा भित्रि बाटो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धि सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम :** पार्वतीटोल भित्रि बाटो निर्माण कार्य
**उपभोक्ता समितिको नाम:** पार्वतीटोल भित्रि बाटो निर्माण उपभोक्ता समिति, पोखरा-९
**योजना सम्झौता मिति :** २०७९/१२/२१
**योजना सुरु मिति :** २०७९/१२/२२
**योजना सम्पन्न भएको मिति :** २०८०/०१/२२
**महानगरपालिका बाट प्राप्त :** ३,००,०००/-
**जनसहभागिता :** ६०,०००/-
**योजनाको कुल लागत :** ३,६०,०००/-

इलाम नेपाली
अध्यक्ष
**पार्वतीटोल भित्रि बाटो निर्माण उपभोक्ता समिति**
पोखरा-९, कास्की

## SURYA BLENDERS PVT LTD
### Tanahu, Nepal
### मुल्य सुची सम्बन्धमा सुचना

यस उद्योगबाट उत्पादित निम्न ब्राण्डहरुको मदिरा नेपाल अधिराज्य भित्र विक्री वितरण गर्न आ. व. ०७९।०८० का लागि मिति २०८०।०२।०४ देखि लागू हूने गरी निम्न बमोजिम मुल्य प्रकाशित गरिएको हूंदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रकाशित मुल्यमा अन्तःशूल्क, मु. अ. कर र अन्य शूल्क समेत समावेश गरिएको छ।

| मूल्य बिवरण (प्रती कार्टून) | Twenty- Twenty 50 UP 180 ML |
|---|---|
| नेशनल डिष्ट्रिब्यूटर्स मुल्य | ६,४००।०० |
| नेशनल डिष्ट्रिब्यूटर्स कमिशन | १००।०० |
| डिष्ट्रिब्यूटर्स मुल्य | ६,५००।०० |
| डिष्ट्रिब्यूटर्स कमिशन | २५०।०० |
| होलसेल मुल्य | ६,७५०।०० |
| होलसेल कमिशन | २३०।०० |
| रिटेल मुल्य | ६,९८०।०० |
| रिटेल कमिशन | ६०४।०० |
| उपभोक्ता मुल्य | ७,५८४।०० |
| उपभोक्ता मुल्य प्रती बोतल | १५८।०० |

नोटः उपरोक्त बिक्री मूल्यहरुमा ब्यपारीक एवं अन्य छूटहरु समाबेस गरिएकोले आवश्यकता अनूसार बिभिन्न तहमा ब्यपारीक एवं छूटहरु र हाल अनूमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ। नगद छूटको हकमा पनि कम्पनीको अधिकृत बिक्रेताहरुले तथा अन्य तोकिएका बिक्रेताहरुले कम्पनीले तोके बमोजिम मात्र कमिशन प्राप्त गर्नूपर्नेछ।

## Phedikhola Rural Municipality
## Office of Rural Municipal Executive
### Phedikhola, Syangja
### Gandaki Province, Nepal

## Invitation for Bids

**First date of Publication: 18th May, 2023**

1. Phedikhola Rural Municipality, Syangja on behalf of Gandaki Provincial Government has allocated funds towards the cost for Procurement of Electronics Goods for Phedikhola Rural Municipality under Innovative Partnership Fund (IPF) Program and intends to apply part of the funds to cover eligible payments under the Contract for 33-PRM-G-SQ-IPF-079-80. The estimated cost of the goods is NRs. 1,908,934.00 (Including Transportation, VAT & other Taxes). Bidding is open to all eligible Nepalese Bidders.
2. Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja invites sealed and or electronic bids from eligible bidders for the Procurement of Electronics Goods for Phedikhola Rural Municipality under Sealed Quotation Bidding procedures specified in public procurement act and regulations.
3. Eligible Bidders may obtain further information and inspect the Sealed Quotation Documents at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja; website: www.phedikholamun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. A complete set of Sealed Quotation documents may be purchased from the Office of Rural Municipal Executive, Phedikhola, Syangja by eligible bidders on the submission of a written application, along with the copy of company/ firm registration certificate, VAT registration certificate, Tax clearance certificate upon payment of a non-refundable fee of NRs. 1000.00 during office hour of 01-June-2023.
   OR
   A complete set of bidding documents may be downloaded from PPMO website www.bolpatra.gov.np/egp. In e-submission, bidder should deposit cost of bid documents (Non-refundable fee of NRs. 1000.00) in following bank account and scanned copy (In PDF format) of voucher should be uploaded at the time of electronic submission of bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Prime Bank Limited, Phedikhola, Syangja;
   Name of Office: Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja; Office Account Number: 06500308CA; Aantarik Rajaswa Khata (revenue heading) Number: Ga 1-1
5. Sealed or electronic bids must be submitted to the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja by hand or through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 hrs on 02-June-2023. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of bidders' representatives who choose to attend at 12:00 hrs on 02-June-2023 at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security a) in case of hard copy: submission of original bid security b) in case of e-bid: submission of scanned copy of bid security (in pdf format), amounting to a minimum of NRs.50,000.00, which shall be valid for 30 days beyond the validity period of the bid. The bidder who chooses to submit bid security in a cash, the above mentioned cash should be deposited in Dharauti account of Phedikhola Rural Municipality at Prime bank Ltd. Phedikhola in Account No. 06500036CA.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja has right to accept or reject the submitted bids wholly or partially.

## फलेवास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### खानीगाउँ, पर्वत
### गण्डकी प्रदेश, नेपाल

## क्याटलग सपिङ्ग बिधिबाट एम्बुलेन्स खरिदका लागि सूचीकृत हुन आह्वान गरिएको सूचना ।

**(प्रथम पटक प्रकाशित मितिः २०८०/०२/०४)**

**यस कार्यालय अर्न्तगतको कार्कीनेटा स्वास्थ्य चौकीका लागि आवश्यक सवारी साधन (एम्बुलेन्स) उपलब्ध गराउन इच्छुक ईजाजत प्राप्त उत्पादक कम्पनी, त्यसको अधिकृत/आधिकारिक बिक्रेताले कम्पनी/फर्म दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, लेटर अफ अथोराईजेसन र ०७८/०७९ को आयकर चुक्ता प्रमाणपत्र लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपीहरु समावेश गरी फलेवास नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ३४ अनुसार एम्बुलेन्स (सवारी साधन) को आधिकारिक स्पेशिफिकेशन, मुल्य र सुबिधा सहितको गुणस्तर विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी मिति २०८०/०२/११ गतेसम्म कार्यालय समयभित्र मौजुदा सूचीमा सूचीकृत हुन निवेदन सहित सिलबन्दी कागजात पेश गर्नुहुन उत्पादक तथा आधिकारिक बिक्रेताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै सवारी साधनको** Technical Specification **कार्यालयको वेवसाईटबाट प्रिन्ट गरेर दस्तखत गरी निवेदनसँगै पेश गर्नु पर्नेछ । थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।**

| क्र. स | ठेक्का नं. | सवारी साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | Phalewas/ Goods/ 03 /079/080 | Ambulance 4WD | ▸ Hard Top Ambulance 4WD<br>▸ Not less than 2400 CC Diesel Engine<br>▸ Power Output not less 45 KW<br>▸ Maximum torque not less than 180 NM<br>▸ Gross Vehicle Weight: Not less than 2400 Kgs<br>▸ Maximumm Torque : Not less than 180 NM governed RPM | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ । |

**ऋषिराम आचार्य**
**प्रमुख प्रशासकीय अधिकृत**